आज मिति २०८० पुस ०२ गते सोमबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ३३ औ कार्यपालिका बैठक बस्यो ।

<u>उपस्थिती</u>

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिब | |

## अन्य उपस्थिती

१. श्री रामप्रसाद शर्मा, शिक्षा शाखा प्रमुख
२. श्री जीवलाल श्रेष्ठ, योजना शाखा प्रमुख
३. श्री विनोद अर्याल, लेखा अधिकृत
४. श्री रामकुमार श्रेष्ठ, स्वास्थ्य शाखा प्रमुख
५. श्री अविनाश पन्थी, प्रशासन शाखा प्रमुख
६. श्री टिकाराम बस्याल, पूर्वाधार शाखा प्रमुख
७. श्री कृष्णहरी सापकोटा, सूचना प्रविधि अधिकृत
८. श्री भीष्मराज पौडेल, सब-इन्जिनियर

**देवचुली नगरपालिकाको तेत्तीसौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्बसम्मत रुपमा गरियो ।**

१. बतिसौं कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यन्वयन हुन बाकीं निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने।

२. आगामी हिउँदे नगर सभा २०८०/०९/२५ बुधबारका दिन गर्ने र सो नगर सभाको तयारीका लागी देहाय बमोजिमको नगर सभा तयारी समिति गठन गर्ने

**संयोजक** - श्री हरी प्रसाद न्यौपाने,नगर प्रमुख

**सदस्य** -श्री पार्वता तिवारी,नगर उप-प्रमुख

**सदस्य** -श्री संयोजक (सबै), विषयगत समिति

**सदस्य** -श्री मुकुन्द शर्मा,प्रमुख प्रशासकीय अधिकृत ।

३. चालु आ.व.को स्वीकृत कार्यक्रम (बजेट शिर्षक नम्वर १४९) उज्यालो नगर अभियान कार्यक्रम दलदले-मुन्डे अन्तर्गत दलदलेलाई सुरु विन्दु मानी सो को उत्तर दक्षिणमा कार्यान्वयन गर्ने र उक्त कार्यमा प्राविधिक सहयोग र समन्वयका लागी नेपाल विद्युत
प्राधिकरण कावासोतिमा रहेको कार्यालयलाई अनुरोध गर्ने ।

४. नविकरणीय उर्जा प्रविधि जडान कार्यक्रम (बजेट शिर्षक ८७१) कार्यान्वयनका लागि वैकल्पिक उर्जा प्रवर्द्रन केन्द्रमा आवश्यकता अनुसार वायो ग्यास, विद्युतीय चुलो र सुधारिएको चुलो समेतको माग संङ्कलन गरी तोकिएको प्रतिशतमा साझेदारिमा रहने गरी कार्यक्रम सञ्चान गर्न प्रश्ताव पेश गर्ने ।

५. राष्ट्रिय भूमि आयोग,जिल्ला समिति नवलपरासी (व.सु.पू) बाट एक जना कर्मचारी र A3 printer-2 (Multipurpose) समेत सहयोग माग भइ आएको सन्दर्भमा कम्प्यूटर/प्रिन्टर काम सकिए पछि फिर्ता गर्ने गरी पठाउने र एक जना कम्प्यूटर अपरेटर ज्यालादारीमा काम लगाई तलव भुक्तानिका लागी यस कार्यालयमा पठाउन भूमी आयोगमा लेखी पठाउने ।

६. चालु आ.व मा वडा नं ६ को (बजेट शिर्षक नं ५०९) साना पुर्वाधार तथा विविध कार्यक्रम अन्तर्गत विनियोजित रु ४ लाख मध्य भूमी सम्बन्धी कार्यको लागी खर्च भएको रु १ लाख भुक्तानी गर्ने प्रयोजनका लागी रु १ लाख सि.नं. ४९७ (वडा कार्यालय सञ्चालन तथा विविध) शिर्षकमा थप गर्ने गरी रकमान्तर गर्ने

७. स्थानीय तह संस्थागत क्षमता स्व;मूल्याङ्कन (LISA), स्थानीय आर्थिक विकास मूल्याङकन (LEDA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) का सूचकहरु बारे छलफल र प्रस्तुतिकरण पश्चात अन्तिम प्रतिवेदन तयार गरी पेश गर्न देहाय अनुसारको समिति गठन गर्ने

**संयोजक**- श्री तिल प्रसाद काफ्ले, वडा अध्यक्ष (वडा नं ११)

**सदस्य** - श्री एकदेव पौडेल, वडा अध्युक्ष (वडा नं १३)

**सदस्य** - श्री भुमिसरा आले मगर, वडा अध्यक्ष (वडा नं ७)

**सदस्य सचिव** - श्री कृष्णहरी सापकोटा सूचना प्रविधि अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द
प्रमुख प्रशासकीय

८. प्रसुता विदा क्षति न्यूनीकरण शिक्षक अनुदान कार्यविधि-२०८० स्वीकृत गर्ने ।

९. संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गत मानव र जंगली जनावर बिचको द्वन्दलाई कम गरी जंगली जनावरबाट हुने जनधन तथा कृषिबालीको क्षतिलाई कम गर्न नारायणी नदी तर्फ पक्की ढलान सहितको पर्खाल र फेसिंग तार लगाउने कार्य शिर्षकमा विनियोजित ७० लाख रकमको मिति २०८०/०८/१२ गते सम्वन्धित वडाका अध्यक्षज्यूहरु संग बैठक बसी गरिएको निर्णय तथा मिति २०८०/०८/१९ गते पूर्वाधार विकास समितिको बैठक बाट सिफारिस गरे बमोजिक तपशिल बमोजिमका वडाहरुमा सो रकम वाँडफाड गरी बोलपत्रको माध्यम बाट खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपशिल :

वडा नं: १३ र १४ :- ३० लाख

वडा नं: १७ :- २० लाख

वडा नं: १ :- १० लाख

वडा नं: १५ :- १० लाख

१०. प्रदेश सरकारको शसर्त अनुदान अन्तर्गत लोकाहा खोला र मुकुन्डे खोला तटबन्धन शिर्षकमा विनियोजित रु ५० लाख रकमको मिति २०८०/०८/१५ गते सम्वन्धित वडाका अध्यक्षज्यूहरु संग बसी गरिएको निर्णय तथा मिति २०८०/०८/१९ गते पूवार्धार विकास समितिको बैठकबाट स्वीकृत लोकाहा खोला (९, १०, १५) तटबन्धनका लागी २५ लाख तथा मुकुन्डे खोला (२,१६) लाई विनियोजित २५ लाख अनुमोदन गर्ने निर्णय गरियो ।

११. मिति २०८०/०८/०९ गतेको बतिसौं कार्यपालिका बैठकको निर्णय नं ४ (च) बाट गठित समितिको स्थलगत अध्ययन समेतको आधारमा निजि/सार्वजनिक जग्गा,खोलाहरुबाट ढुङ्गा, माटो, ग्रावेल उत्खनन तथा ढुवानी सम्बन्धी गरिएको तपशिल बमोजिमका ८ बुदे निर्णय स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

**तपशिल :**

क. ढुंगा गिट्टी बालुवा उत्खनन बिक्रि तथा व्यावस्थापन सम्बन्धि मापदण्ड २०७७ देवचुली नगरपालिका क्षेत्रको खोला नदिनाला तथा निजि जग्गा बाट ढुंगा गिट्टी बालुवा ग्राभेल तथा खनिज जन्य प्राकृतिक स्रोत साधन (संकलन र उपयोग) बिक्रि वितरण सम्बन्धी मापदण्ड,२०७७ चुरे क्षेत्रमा विकास निर्माण गर्दा अबलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड २०७७, देवचुली नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ आदिलाई आधार मानेर उत्खनन/संकलन प्रक्रियालाई अगाडी बढाउने

ख. निजि जग्गाबाट ढुंगा/माटो/ग्राभेल उत्खननका लागि माग भई आएको खण्डमा गण्डकी प्रदेश आर्थिक ऐन को दफा ८ को उपदफा १ संग सम्बन्धित अनुसूची-७ मा उल्लिखित दर र बुदा ६ मा उल्लिखित ब्यहोरालाई आधार मान्दै सम्बन्धित वडाको वडा अध्यक्षको अध्यक्षतामा पूर्वाधार शाखा प्रमुख,वातावरण शाखा हेर्ने प्राविधिक, अमिन र सम्बन्धित वडाको प्राविधिक सहितको टोलिले स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकाबाट निर्णय गराई मात्र अनुमति दिने

ग. खोलानाला तथा सार्वजनिक जग्गा,निजि जग्गाबाट व्यावसायिक प्रयोजनका लागि ठुलो परिमाणमा हुने उत्खनन् र रातो माटोको उत्खनन्/संकलन गर्दा देवचुली नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई जिल्ला अनुगमन समितिको सिफारिस मार्फत श्री राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समितिको सहमती लिई मात्रै अनुमति दिने

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

हरिप्रसाद
नगर प्र...

मुकुन्द
प्रमुख प्रशासक...

घ. दवचुला नगरपालका क्षेत्र भित्रका नाद नालाबाट उत्खनन् सकलनका लाग कुन कारण वश ठक्का बन्दोवस्त गर्नसक्ने अवस्था नरहे नगरपालिका आफैंले प्रचलित कानुन अनुसार उत्खनन्/संकलन गरी संग्रह/घाट गद्दी नियमानुसार बिक्रि गर्न उपयुक्त देखियो । मोटरेवल पुल भन्दा तल १००० मि र माथी ५०० मी सम्म उत्खनन् संकलन गर्न नपाईने व्यावस्था भएकाले सो ठाउँमा थुप्रिएर जोखिम निम्त्याउन सक्ने भएकाले ढुंगा,गिट्टी र वालुवा उत्खनन् बिक्रि तथा व्याबस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ६ को उपदफा ४ र चुरे क्षेत्रमा विकास निर्माण गिर्दा अबलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड २०७७ को परिच्छेद-२ बमोजिक जिल्ला विपद ब्यावस्थापन समितिमा प्राविधिक प्रतिवेदन पेश गरी समितिको निर्णयको आधारमा संकलन गर्ने

ङ. मध्यवर्ती ,निकुञ्ज र सिमसार क्षेत्रमा पर्ने ठाउमा सम्बन्धित निकाय संग समन्वय गरी जिल्ला विपद ब्यावस्थापन समिति बाट निर्णय गराई उत्खनन्/संकलन गर्ने

च. हालसम्म प्राप्त कुल १० वटा निवेदनको आधारमा निजि जग्गा बाट उत्खनन्/संकलन हुने तपसिल बमोजिमका स्थानको स्थलगत अनुगमन गरी ८ वडा निवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो

**तपसिल**

| क.स. | जग्गा धनीको नाम | वडा नं | कित्ता नं | क्षेत्रफल | संकलन हुने पदार्थको प्रकार | परिमाण( घ.मी ) | संकलन हुने न्युनतम राजश्व |
|---|---|---|---|---|---|---|---|
| १ | प्रेम नारायण बसेल | १२ | सा. प्रगतिनगर ४ ख कि नं१४०६ | ०-२-० | ढुंगा /ग्राभेल | ३०० | ९५,३४६ |
| २ | मिन बहादुर सोती मगर | ८ | सा. प्रगतिनगर ९ क कि नं ७८२ र ७८४ | ०-११-१९ र ०-३-१५ | ढुंगा | १५० | ४७,६७३ |
| ३ | पर्वत ढेंगा मगर | ५ | सा सिसवार ८ क कि नाम ५३६ | ०-८-४-० | माटो | ९०० | १११,२३१ |
| ४ | पदम कुमारी कार्की / [illegible] देवी [illegible] | १२ | सा. प्रगतिनगर ८ ख कि नं ३५५ | ०-२-११.२५ | ढुंगा | २४० | ७६ ,२७६.८ |
| ५ | धन बहादुर गाहा | ७ | सा. प्रगतिनगर ८ क कि नं ४७९,४७५,४७८ | ०-०-१५.२५, ०-२-२.५ र ०-७-२.२५ | ढुंगा | ३०० | ९५,३४६ |
| ६ | [illegible]लाल [illegible] | ५ | सा . सिसवार ८ ख कि नं ७३४ | ०-१-१०-२ | ढुंगा | १५० | ४७,६७३ |
| ७ | मिन बहादुर घर्ती | ५ | सा सिसवार ८ क ७१७ | ०-४-१ | माटो | ३०० | ३७,०७७ |
| ८ | हिरा कुमारी भण्डारी | ५ | सा. सिसवार ८ क कि नं २८० | ०-८-० | ढुंगा | ११२५ | ३,५७,५४७.५ |
| | | | | | | जम्मा | ८६८,१७०.३ |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

(छ ) देवचुली नगरपालिकाको कार्यालय प्रस्तावक रही तपसिल बमोजिमका अत्यावश्यक स्थान/योजनामा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको तयारीको कार्य अगाडी बढाउने निर्णय गरियो ।

तपसिल

१ . देवचुली -१६ बगाहा खोलाबाट नदिजन्य पदार्थको उत्खनन्/संकलन गर्ने कार्य

२. दवाटे टोल स्थीत खेल मैदान स्तरोन्नतिको कार्य देवचुली-०४

३. नगर स्तरीय रंगशाला निर्माणको कार्य , देवचुली-१०

४. रिग रोड निर्माणको कार्य , देवचुली १ -१७

५. नवासिर्जना चोक देखि ठुलो भन्ज्यांग जाने बाटो निर्माण कार्य, देवचुली -०४

(ज) सार्वजनिक जग्गा खोला नाला तथा निजी जग्गाबाट अनुमती प्राप्त गरेका जग्गाधनिहरुको यदि राजस्व २० लाख भन्दा माथी बोलपत्र दाता /जग्गाधनीहरुको जम्मा गर्नुपर्ने भएमा ५० प्रतिशत राजस्व दाखिला र बाकी ५० प्रतिशतको बैङ्क ग्यारेन्टी बनाएर पेश गर्नुपर्ने निर्णय गरियो ।

१२. आगामी आ.व ०८१/०८२ का लागी संघिय समपुरक तथा विशेष अनुदान अन्तर्गत योजना माग भई आएकोले तपशिल बमोजिमको योजना छनोट गरी राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय गरियो ।

**समपुरक योजना**

क. नगर स्तरीय रिङ्गरोड निर्माण, वडा नं १ देखी १७

ख. धारापानी मिनि रङ्गशाला पुर्वाधार निर्माण वडा नं ११

ग. देवचुली १३ मा बनस्पती पार्क तथा रिसेसिङ सेन्टर निर्माण गर्ने ।

घ. बौलाहाखोला तटबन्धन कार्य वडा नं १, ३, ५, १२, र १३

**विशेष अनुदान**

क. मानव र जंगली जनावर बिचको द्वन्दलाई कम गरी जंगली जनावरबाट हुने जनधन तथा कृषि बालिको क्षतीलाई कम गर्न जोखिमयुक्त स्थानमा पक्की ढलान सहितको पर्खाल र फेसिङ तार लगाउने कार्य

ख. देवचुली नगरपालिका भित्रका अति विपन्न समुदायलाई सुरक्षित आवास निर्माण गर्ने कार्य

ग. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण मैत्री पालिका घोषणा कार्यक्रम गर्ने कार्य

१३. देवचुली वडा नं ४ को वडा समितिको सिफारिसका आधारमा वडा भित्रका सबै आवादी जग्गाहरुलाई ग्रामिण क्षेत्रको रुपमा कायम गर्ने र ब्लक नं १ शान्ती गैरा ब्लक नं २ शान्ती डाँडा ब्लक नं ३ अमर टोल इन्द्रटोल र नगरशिर्जना टोलमा रहेका सबै जग्गा कृषि क्षेत्र र ब्लक नं ४ देवचुली र परानपुरमा रहेका ऐलानी पर्ति जग्गा समेतलाई कृषिक्षेत्र कायम हुने गरी वर्गिकरण गर्ने ।

१४. जिल्लाकै पहाडी क्षेत्र प्रवेशको मुख्य सडकका रुपमा रहेको दलदले-धौबादी सडक अन्तर्गत देवचुली नगरपालिका क्षेत्रभित्र पर्ने मुण्डे-कुमसोत सडक खण्ड मर्मतका लागि चालु आ.व मा विनियोजित रकम अपुग देखिएकोले प्राविधिक ल.ई.का आधारमा आवश्यक रकम थप गरी सडक मर्मतको कार्य गराउने ।

१५. मिति २०८०/०८/१९ र २० गते यस नगरपालिकाको शिक्षा शाखाबाट आयोजित प्रध्यानाध्यापकहरुको बैठकबाट अतिरिक्त कक्षा सञ्चालन गर्दा विद्यार्थी संख्या तथा तह अनुसार सामुदायिक विद्यालयमा बढीमा प्रति विद्यार्थी प्रति विषय मासिक रु ५०० र संस्थागत विद्यालय तर्फ रु ८०० भन्दा बढी नहुने गरी शुल्क निर्धारण सम्वन्धमा भएको निर्णय नगर्न/नगराउन शिक्षा शाखालाई निर्देशन दिने ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

१६. अन्य विविध

क. देवचुली-१२ बस्ने लाल बहादुर दमाईको घर भत्किएको र पुन;निर्माणका लागि निजको आर्थिक अवस्था कमजोर भएकोले उत्त कार्यका लागि आर्थिक सहयोग उपलब्ध गराउन भनि वडा कार्यलयको सिफारिस समेत प्राप्त भएको हुँदा रु ३० हजार उपलब्ध गराउने।

ख. देवचुली-१७ बस्ने रुप नारायण मुखियाको छोरी रिमा मुखिया जापानिज इन्सेफ्ल्याइटिस रोगबाट प्रभावित भएको र निजको आर्थिक अवस्था निकै कमजोर रहेकोले उपचारमा कठिनाइ परेको भनी वडा कार्यलयको सिफारिस समेत प्राप्त भएको हुँदा उपचार सहयोग रकम रु १५ हजार उपलब्ध गराउने।

ग. प्रर्यटन प्रवद्धन संगै संस्कृती संरक्षणका लागि देवचुली-१ स्थित नारायणी नदी किनारमा प्रत्येक वर्ष हरिबोधनी एकादशी तिथिका दिन लाग्ने एकादशी धार्मिक महात्म्य मेला व्यवस्थापनका लागि आर्थिक सहयोग माग भइआएकोले रु १० हजार उपलब्ध गराउने ।

घ. वडा नं १७ पिप्रहर जाने बाटोमा नाली निर्माणका लागि अपुग रकम रु १ लाख ५० हजार, देवचुली वडा नं ८ र ९ को संयुक्त बाटो स्तरोन्नतीको लागी अपुग रकम रु १ लाख ५० हजार र देवचुली वडा नं १३ को वि.पि.मार्ग मर्मतका लागी ल.ई.अनुसारको रकम साना पूर्वाधार शिर्षकबाट उपलब्ध गराउने ।

१७. देवचुली नगरपालिका भित्रका ठुला उद्योगहरुले यस नगरपालिकालाई तिर्नुपर्ने राजस्व रकम नतिरेसम्म वडाबाट उपलब्ध हुने सम्पूर्ण सेवा सुविधा उपलब्ध नगराउन वडा कार्यलयहरुलाई निर्देशन दिने ।

१८. देखाएको योजनाहरुको सम्भाव्यता अध्ययन गरी सम्भाव्य देखीएमा नगर विकास कोस (TDF) को ऋण लगानीमा निर्माण कार्य अगाडी बढाउन TDF लाई अनुरोध गर्ने विषय निर्णयको लागि आगामी नगरसभामा पेश गर्ने

क. वडा नं १६ को शिवालय मन्दिर अगाडि रहेको हाट बजार स्थललाई स्थानान्तरण गरी इलाका प्रहरी कार्यालय अगाडिको खाली जग्गामा हाट बजार निर्माण गर्ने र शिवालय अगाडिको जग्गामा multipurpose-commereial Building ब्यापारिक कम्प्लेक्स निर्माण गर्ने ।

ख. देवचुली वडा नं १३ वडा कार्यालय रहेको स्थानमा बसपार्क तथा multipurpose-commercial Building निर्माण गर्ने ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत